**सभाअध्यक्ष महोदय,**
**सभाका सम्पुर्ण सदस्यज्युहरु,**
**सभाका सचिवज्यु**
**उपस्थित कर्मचारी तथा पत्रकारज्युहरु**

१. संघीयताको अभ्याससंगै स्थानीय सरकारको पहिलो कार्यकाल पूरा भइ स्थानीय तहको निर्वाचन पश्चात दोश्रो कार्यकालको यस गाउँसभाको तेश्रो अधिवेशनमा उपाध्यक्षको हैसियतले आगामी आ.ब. २०८०/८१ को बजेट तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभुति गरेको छु ।

२. यस अबसरमा मुलुकको अग्रगामि राजनीतिक, आर्थिक तथा सामाजिक परिबर्तन र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनासम्मको विभिन्न कालखण्डका विभिन्न चरणहरुमा भएका विभिन्न आन्दोलन संघर्ष र क्रान्तिहरुमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरुप्रति उच्च सम्मानका साथ भावपुर्ण श्रद्दाञ्जलि अर्पण गर्दछु साथै वेपत्ता, घाइते लगायतका योद्दाहरुप्रति उच्च सम्मान ब्यक्त गर्दछु ।

३. तत्कालिन स्थानीय निकाय र गाउँपालिका स्थापनादेखि हालसम्मका विभिन्न चरणहरुमा यस क्षेत्रको नेतृत्व गर्नुहुने सम्पुर्ण अग्रज ब्यक्तित्वहरुका साथै गाउँपालिकाका सम्पुर्ण न्यायप्रेमि जनसमुदाय, नागरिक समाज, समाजसेवी, बुद्धिजीवी, शिक्षक, ब्यवसायी, सामाजिक संघ संस्थाका प्रतिनिधिहरु र सञ्चार जगतले यस गाउँपालिकाको विकास, निर्माण तथा आर्थिक सामाजिक रुपान्तरणमा पुर्याउनु भएको योगदानको स्मरण गर्दै उहाँहरुप्रति उच्च सम्मान ब्यक्त गर्दछु ।

४. "समृद्धनेपाल, सुखी नेपाली" राष्ट्रिय आकांक्षालाई आत्मसाथ गर्दै प्रदेश सरकारको "समृद्ध प्रदेशःसुखि जनता" भन्ने दीर्घकालिन सोच तथा राजपुर गाउँपालिकाको "कृषि, पशुपन्छी, वन पैदावार भरपुर, सुखी, समृद्धि र सुन्दर राजपुर" भन्ने मान्यतालाई पूरा गर्न निरन्तर विकासको यात्रामा अगाडि बढ्ने सङ्कल्प गर्दछु।

**सभा अध्यक्ष महोदय,**

५. २०७९ सालमा भएको स्थानीय निर्वाचनबाट हामी निर्वाचित भएर आए पश्चात् पहिलो सभाबाट यस गाउँपालिको विकास र सेवा प्रवाहलाइ जनमुखी बनाउँदै जनताको घर घरमा सरकार भन्ने नारालाइ सवलिभुत बनाउन विभिन्न योजना तथा कार्यक्रम बनाइ लागु गरिएको कुरा सबैलाइ अवगत नै छ । यध्यपि पहिलो कार्यकालको सुरुवाति दिनमा आएको भिषण बर्षा, बाढी पहिरो र डुवानका कारण भएका धनजनको क्षति उद्दार राहत र पुननिर्माणमा गाउँपालिकाले ठुलो धनराशी खर्च गर्नु परेकाले आशातित रुपमा सफलता हासिल गर्न नसकिएको कुरा विदित नै छ ।

६. गाउँपालिकाको प्रशासनिक भवन र १५ शैया अस्पताल निर्माणको लागि नीतिगत प्रकृया अगाडि बढाइएकाले छिटै नै निर्माणको कार्य अगाडि बढ्नेछ। यस गाउँपालिकाका दुरदराज र गरिब बस्तिमा रोजगारी र आयश्रोत बृद्धिका लागि कृषि तथा पशु विकासमा आधारित VITA

परियोजना लागु भइ कार्यान्वयन भइरहेको छ । हाल राजपुर स्वास्थ्य चौकीको भवनबाट पालिकाको सेवा प्रवाह भइरहेकोमा संरचनामा सुधार गरी सेवा प्रवाहलाइ थप सुधार उन्मुख बनाइएको छ । संविधानको मौलिक हकमा उल्लिखित निशुल्क शिक्षालाइ कार्यान्वयन गर्न शुन्य शुल्कमा विध्यार्थिलाइ पठनपाठन गराउन गाउँपालिकाले यथोचित बजेट विनियोजन गरी कार्यान्वनमा ल्याएको छ । यस पालिका भित्रका सम्पुर्ण कर्मचारी तथा शिक्षकहरुलाइ नियमित गराइ सेवामा प्रभाबकारिता ल्याउन सम्पुर्ण कार्यालय तथा विध्यालयहरुमा e-hajiri को ब्यबस्था गरिएको छ ।

७. शिक्षा, स्वास्थ्य, खानेपानी र सञ्चारमा पछाडि परेको नाका क्षेत्रको विकास गर्न एकीकृत सेवा केन्द्रहरु सम्पन्न हुने चरणमा छन् भने सञ्चार र खानेपानीका लागि गाउँपालिकाका साथै प्रदेश र नेपाल सरकारसंग पहल गरिएको छ । गर्भा अबस्थामा हुनसक्ने जोखिमलाइ न्युन गर्न वडा नं ७ को भैसाही र वडा नं ६ को खाङ्ग्रानाकामा बर्थिङ् सेन्टर सञ्चालनमा ल्याइएको छ ।

८. मर्मत संभार कोष मार्फत पुराना अधुरा तथा अपुरा पुर्वाधारको मर्मत, निर्माण र नवनिर्माणको कार्यलाइ तिब्रता दिइएको छ ।

९. कमजोर बर्गका लागि तालिम तथा सीप बिकासमा आधारित विभिन्न सचेतनामुलक कार्यक्रम तथा उद्धयमशिलता कार्यक्रम मार्फत महिला, अपांगता भएका तथा आर्थिक रुपमा पिछडिएका बर्गको उत्थानका लागि विविध कार्यक्रम सञ्चालन गरिएका छन् ।

१०. कृषकहरुलाइ कृषि औजार, घाँसको विउ, गहुँको विउ वितरण गरिएको छ साथै पशु उपचारको उपयुक्त प्रवन्ध गरी कृषि तथा पशु क्षेत्रको विकासमा जोड दिइएको छ ।

११. पुर्वाधार संरचनाको गुणस्तरिय र दिगो विकासका लागि विभिन्न आयोजनाहरुको विस्तृत आयोजना प्रतिवेदन तयार गरी केही कार्यान्वयनको चरणमा रहेका छन भने केहीको लागि आगामी आ.ब.मा बजेट विनियोजन गरिएको छ । साथै उक्त योजनाहरु समयमै सम्पन्न गर्न प्रदेश र नेपाल सरकारसंग समेत पहल गरिएको छ ।साथै नाका क्षेत्रमा बाह्रै महिना यातायात सेवा सञ्चालन गर्न जितबहादुर सिंजाली मार्ग र पहुँच मार्गहरुमा समपुरक कोष मार्फत हरेक बर्ष बजेट विनियोजन गरिएको छ ।

१२. भुमिहिन, सुकुम्बासी तथा भुमिहिन दलित लाइ जग्गा उपलब्ध गराउने नेपाल सरकारको नीति अनुरुप जग्गा नापजाँच गरी लालपुर्जा वितरण गर्न केही वडामा control point स्थापना गरिएको छ र निस्सा वितरणको कार्य अन्तिम चरणमा रहेकाले आगामि आ.ब. भित्रै नापजाँचको कार्य सम्पन्न गर्न बजेट, जनशक्ति तथा प्राविधिक उपकरणको ब्यबस्था गरिएको छ ।

१३. उल्लिखित योजना तथा कार्यक्रमका कारण संघीयताको मर्म अनुरुप जनताको घरदैलो को सरकार प्रति नागरिकको विश्वासमा बृद्दि भइरहेको अनुभुत गरिएको छ ।

**गाउँसभाका अध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८०/८१ को बार्षिक नीति तथा कार्यक्रम कार्यान्यन गर्न आगामी आर्थिक वर्षको वार्षिक योजना, बजेट तथा बजेट तर्जुमाका आधारहरु यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१४. बजेट तर्जुमा गर्दा मैले मूलतः नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन,२०७४, अन्तर सहकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त ऐन २०७४, नेपाल सरकाको १५ औ योजनाको मार्गदर्शन, संघ र प्रदेश सरकारका नीति तथा मापदण्डहरु, नेपाल सरकारले प्रतिबद्धता जनाएका दीगो विकासका लक्ष्यहरु साथै यस गाउँपालिकाको मध्यमकालीन खर्च संरचना, राजश्व सुधार कार्ययोजना तथा क्षेत्रगत नीति तथा कानूनलाई मुख्य आधारका रुपमा लिएको छु । गाउँवासी आमाबुवा, दिदीबहिनी, दाजुभाई, जनप्रतिनिधि, नागरिक समाज, निजि व्यवसायिक संघ संस्था, बुद्धिजीवी, पेशाविद, संचारजगत तथा यस गाउँपालिकाले आयोजना गरेको सर्वपक्षिय बैठकबाट प्राप्त सुझाब लगायत सबैबाट प्राप्त सुझावलाई उच्च महत्व दिएको छु ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटका प्राथमिकता तथा उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१५. विद्यालयहरुको विद्यमान भौतिक संरचनामा सुधार गरी क्रमश गुणस्तरिय पूर्वाधारयुक्त विद्यालय बनाउने, कृषि पेशालाई सम्मानित पेशाको रुपमा स्थापित गर्न कृषिमा व्यवसायीकरण एवं प्रविधिकरण मार्फत कृषि क्षेत्रको उत्पादन एबं उत्पादकत्व बढाउने, गरिब घरपरिवारका नागरिक एबं बेरोजगार युवायुवतीलाई कृषि एबं गैर कृषि क्षेत्रमा व्यवसायिक तालिम प्रदान गरी रोजगार/स्वरोजगार बनाउने, गाउँवासीको आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने नैसर्गिक अधिकारलाई सुनिश्चित गर्न स्वास्थ्य संस्थाहरुको सुदृढीकरण, स्तरोन्नती एबं औषधीको नियमित आपूर्तिको व्यवस्था मिलाई आधारभूत स्वास्थ्य सेवाको पहुँच बढाउने, , सबै क्षेत्रको दीगो एंव सन्तुलित विकास गर्ने, उपलब्ध स्रोत साधनको उपयुक्त क्षेत्रमा लगानी प्रवाहित गरी आर्थिक उन्नयन एबं सामाजिक विकासका माध्यमबाट जीवनस्तरमा सुधार गर्ने, सबै प्रकारका समाजिक, आर्थिक विभेदको अन्त्य गर्दै विकास, समृद्धि र सामाजिक न्यायको यात्रालाई थप गतिशिल बनाउने, नागरिकमैत्री सेवाको अवधारणा अनुरुप सार्वजनिक सेवाको प्रभावकारिता, जवाफदेहिता एबं विकासमा जनसहभागिता मार्फत सुशासन प्रवर्द्धन गर्ने उद्देश्य परिपूर्ति गर्न मैले मूलतः आर्थिक, सामाजिक विकास तथा गरिबी न्यूनिकरणमा योगदान पुर्याउने, स्थानीय सहभागिता जुट्ने, स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै क्षेत्रको दीगो एबं सन्तुलित विकासमा टेवा पुर्याउने, महिला बालबालिका, पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अभिवृद्धि गर्ने। जेष्ठ नागरिक, महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायको सम्मान र सशक्तिकरण गरी मुलप्रवाहिकरण गर्ने, खेलकुद, भाषा, साहित्य, कला, संस्कृतीको जगेर्ना गर्ने तथा सामाजिक सदभाव एबं एकता अभिवृद्धिमा सघाउने पुर्याउने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने र गाउँपालिकाको आफ्नै विशिष्ठ सम्भाव्यता एबं आवश्यकता बमोजिमका स्थानीय श्रोत साधनको अधिकतम् उपयोग हुने आयोजनाहरु, श्रोतमा परेको चापलाइ मध्यनजर गरी आन्तरिक श्रोतको अधिकतम परिचालन, राजश्व संयन्त्रको

सुदृढीकरण र व्यवस्थापन गर्ने पूँजिगत खर्चलाइ बढोत्तरी गर्ने कार्यलाई प्राथमिकतामा राखी बजेट बिनियोजन गरेको छु ।

**सभाअध्यक्ष महोदय,**

अव म चालु आ.ब. को आय र ब्ययको संक्षिप्त प्रस्ताब प्रस्तुत गर्न चाहान्छु ।

राजपुर गाउँपालिकाका आ.व. २०७९।०८० मा विनियोजन भएको कूल बजेट **६० करोड ५ लाख ९३ हजार ७ सय ९१** मध्ये २०८० जेष्ठ मसान्तसम्म चालु तर्फ ६६.०७ प्रतिशत, पूजिगत तर्फ ४०.१७ प्रतिशत र समग्रमा **५३.१२** प्रतिशत खर्च भएको देखिन्छ ।उक्त खर्च चालु आ.ब. को अन्त्य सम्ममा करिव ७० प्रतिशत पुग्ने अनुमान गरिएको छ ।चालु आ.ब. मा कुल आम्दानी (आन्तरिक आय र अनुदान) **६० करोड ५ लाख ९३ हजार ७ सय ९१** मध्ये हाल सम्म **४३ करोड ०२ लाख ९८ हजार ३ सय** ४० मात्र प्राप्त भएको छ ।आन्तरिक राजश्वमा **३ करोड ५४ लाख** प्रक्षेपण गरेकोमा २०८० जेष्ठ मसान्तसम्म **९७ लाख २७ हजार ६ सय २८ (२७.४७ प्रतशित)** मात्र आम्दानी भएको छ ।

**सभाध्यक्ष महोदय,**

अव म आगामी आ.ब. को आय व्ययको अनुमान प्रस्तुत गर्न चाहन्छु ।

आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु. **६१ करोड १८ लाख ९८ हजार ७ सय ८९ रुपैया** विनियोजन गरिएको छ । आगामी आ.व.को लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये,

आन्तरिक राजश्वबाटः **३ करोड १० लाख,**

चालु आ.व.मा खर्च नभई बाँकी रहने अनुमानित रकम (मौज्दात अ.ल्या) बाटः **६ करोड ५९ लाख ८७ हजार**

संघीय सरकार

वित्तिय सामानीकरणबाटः **९ करोड ४८ लाख**

राजश्व बाँडफाँडबाटः **११ करोड ४१ लख ५७ हजार**

प्रदेश सरकार

वित्तिय सामानीकरणबाटः **६७ लाख ३८ हजार**

राजश्व बाँडफाँडबाटः **८२ लाख ११ हजार ७८९**

समपुरक अनुदान पूजिगतः **१ करोड**

संघीय सशर्त अनुदानबाटः **१९ करोड ४९ लाख**

प्रदेश सशर्त अनुदानबाटः **७१ लाख ५० हजार**

कुल बजेट मध्ये चालुतर्फ **४४ करोड ९५ लाख ३६ हजार ७ सय ८९** र पूँजीगततर्फ **१६ करोड २३ लाख ६२ हजार** विनियोजन गरेको छु ।
अन्य संघ संस्थाबाट र प्रदेश सरकारबाट पछि प्राप्त हुने बजेटलाई प्राप्त भएपछि समावेश गरी बजेटको एकिकृत रुप तयार गरिनेछ ।

**यस सभाका अध्यक्ष तथा उपस्थित सभासदस्यज्यूहरु,**

अब म आगामी वर्षको प्राथमिकता प्राप्त क्षेत्रगत कार्यक्रमको विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहान्छु ।

## आर्थिक विकास

व्यवसायिक कृषि तथा पशुपालनको क्षेत्रलाई क्रमशः व्यवसायीकरण गर्न साथै लागत साझेदारीमा कृषि तथा पशु विकासमा आधारित साना किसान तथा यूवा उद्यमशिलता विकास परियोजना कार्यक्रम र उद्योग, बजार व्यवस्थापन र पर्यटन प्रवर्धन गरी आयआर्जन वृद्धि गर्न, सिचाई क्षेत्रको विकास र विस्तार गर्न साथै भूमिहीन सुकुम्वासी र दलित, अव्यवस्थित वसोवासीलाई आगामी आ.व. मै लालपूर्जा वितरण गर्न साथै गरिवी निवारणका लागि आर्थिक **विकासतर्फ ६ करोड ५२ लाख** बजेट विनियोजन गरेको छु ।

## सामाजिक विकास

१. शिक्षातर्फ

- सबै बालबालिकालाई निशुल्क गुणस्तरीय र सर्वसुलभ जीवन उपयोगी बनाउन गाउँ शिक्षा नीति अनुरुप रु. **१९ करोड** बजेट विनियोजन गरेको छु ।
- "खेलकुदको विकास स्वस्थ जीवनको आधार" भन्ने मान्यतालाई ध्यानमा राखी खेलकुदको विकासमा उच्च महत्व दिइ गाउँपालिकास्तर खेलकुद प्रतियोगिताको आयोजना गरी खेलकुदमा विकासका लागि युवा तथा खेलकुदतर्फ रु. **३० लाख** बजेट विनियोजन गरेको छु ।

२. स्वास्थ्यतर्फः

स्वास्थ्यमा सबै जनताको पहुँच अभिबृद्धि गर्ने उद्देश्यका साथ विभिन्न स्थानमा नियमित रुपमा स्वास्थ्य शिविरहरु सञ्चालन गर्न साथै गाउँपालिका वासीलाई प्रदान गरिने स्वास्थ्य सेवालाई व्यवस्थित गरी थप गुणस्तरिय र प्रभावकारी वनाउन साथै, उपाध्यक्ष आमा सुरक्षा कार्यक्रम अन्तर्गत गर्भवती, सुत्केरी तथा जोखिममा रहेका महिलाहरुको लागि सुरक्षा, संरक्षण र विकासको लागि कार्यक्रम संचालन गर्न स्वास्थ्यतर्फ रु. **४ करोड २० लाख** बजेट विनियोजन गरेको छु ।

३. लैंगिक समनाता तथा सामाजिक समावेशिकरणतर्फः

जेष्ठ नागरिक, समाजमा पछि परेका महिला, दलीत, मुस्लीम, जनजाती तथा अपाङ्गहरुको समविकास तथा उत्थानको लागि आयआर्जन, सशक्तिकरण तथा सवलिकरण जस्ता कार्यक्रम संचालन गर्न तथा लैङ्गिक उत्तरदायि बजेटका लागि रु. **१ करोड ४ लाख ७५ हजार** बजेट व्यवस्था गरेको छु ।

४. खानेपानी तथा सरसफाईतर्फः

सम्पूर्ण राजपुरवासीलाई स्वच्छ पानीमा पहुँच गराउन साथै स्वच्छ, सफा र सुन्दर गाउँपालिका निर्माण गर्ने अभियानलाई सार्थक तुल्याउनका लागि रु. **७२ लाख** बजेट व्यवस्था गरेको छु ।

५. भाषा, संस्कृति तथा सामाजिक सुरक्षातर्फः

राजपुरको पहिचानका रुपमा भाषा तथा संस्कृतिको संरक्षण साथै सामाजिक सुरक्षाकालागि आवश्यक बजेट विनियोजन गरेको छु ।

## पूर्वाधार विकासः

- गाउँपालिका गौरवको योजनाको रुपमा यातायात पूर्वाधारलाई समावेस गरी सम्पूर्ण गाउँपालिका क्षेत्रमा बाटो विस्तार गरि सहज रुपमा यातायातको पहुँच पुर्याउन, गाउँपालिका क्षेत्रको भौतिक विकासको लागि विभिन्न आयोजनाको संभाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन तयार गर्न साथै मापदण्ड अनुसारका भवन निर्माण गर्न, शहरी विकास र गाउँगाउँमा विद्युत विस्तार गर्न पूर्वाधार विकास तर्फ रु. **६ करोड ७८ लाख ५३ हजार** बजेट विनियोजन गरेको छु ।

वन वातावरण तथा विपद् व्यवस्थापनः

- विभिन्न प्रकोपहरुबाट नागरिकहरुलाई बचाउन तथा वन व्यवस्थापन गर्न विपद् व्यवस्थापन कोषतर्फ रु. **३ करोड ६४ लाख ९७ हजार** बजेट विनियोजन गरेको छु ।

सुशासन तथा संस्थागत विकासः

- कार्यालयको संस्थागत क्षमता विकास गर्न, सूचना प्रविधि लगायतका उपकरणको व्यवस्था गरी कार्यालयबाट हुने कामलाई चुस्त दुरुस्त बनाउन प्रयास गरिएकोछ ।पारदर्सिता अभिबृद्धि तथा वित्तिय जोखिम न्यूनिकरण गर्न, सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण जस्ता सुशासनका औजारहरुको प्रयोगलाई कसिलो र व्यापक बनाइनेछ ।

- विकास निर्माण कार्यलाई पारदर्सी र व्यवस्थित बनाउन, विभिन्न कानून तथा दस्तावेज निर्माण गर्ने कार्यलाई निरन्तरता दिदै आगामी वर्ष पनि आवश्यक कानूनहरु बनाउने, विभिन्न सफ्टवयरहरु जडान गर्न, न्यायिक काम कारवाहीलाई छिटो छरितो सरल, सहज र कम खर्चिलो हुने गरी सम्पादन गर्न, समाजमा हुने विवादलाई मेलमिलापको माध्यमबाट विवाद समाधान गर्न, कर्मचारी प्रशासनलाई जवाफदेही, उत्तरदायी, प्रतिस्पर्धी र उत्प्रेरित गर्न कर्मचारीको मनोबल उच्च बनाउन गाउँपालिकाको काम कारबाही प्रकृयालाई चुस्त, दुरुस्त, मर्यादित र समयमै सम्पादन योग्य बनाउन प्रोत्साहन स्वरुप पुरस्कृत तथा सम्मान उपलब्ध गराउन, गाउँपालिकालाई सूचना प्रविधि मैत्री बनाउन, गाउँपालिकाको सम्पूर्ण जानकारी तथा सूचना समयमा जनता सामु पुर्याउन वेवसाइड तथा साप्ताहिक बुलेटिन प्रकाशन गर्ने उद्देश्य प्राप्त गर्न, राजश्व प्रशासनलाई सुदृढ बनाउन, वित्तिय सुशासन कायम गर्न लगायतका सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रका लागि करिव रु. **५ करोड ५१ लाख** बजेट विनियोजन गरेको छु ।

**गाउँसभाका अध्यक्षज्यू,**

- आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यका लागि स्थानीय संचित कोषबाट केही रकम खर्च गर्न बनेको बिनियोजन बिधेयक २०८०/८१ र अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको अर्थ बिधेयक २०८०/८१ सम्मानित सभा समक्ष पेश गरेको छु ।
- प्रस्तुत बजेटको कार्यान्वयनबाट शिक्षा क्षेत्रको अवस्थामा क्रमशः सुधार हुदै जाने, कृषि पेशालाई सम्मानित पेशाका रुपमा स्थापित गर्न बल पुग्ने, पालिकावासीको आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने, गरिब घर परिवार एवं बेरोजगार युवा युवतीको आयआर्जन गर्ने क्षमता बृद्धि हुने, गाउँमा उपलब्ध स्रोत साधनको अत्यूत्तम उपयोगबाट सबै क्षेत्रको दिगो एवं सन्तुलित विकास भई आर्थिक उन्नतिमा टेवा पुग्ने, सार्वजनिक सेवाको प्रभावकारिता, जवाफदेहिता अभिवृद्धि हुने र बञ्चितिमा परेका वर्ग, क्षेत्र, समुदाय, समूहहरुको विकासमा मूल प्रवाहीकरण भई समावेशिताको प्रवर्द्धन मार्फत स्थानीय लोकतन्त्र सुदृढ हुने बिश्वाश लिएको छु ।

**सभाअध्यक्ष महोदय,**
**सभाका सम्पुर्ण सदस्यज्युहरु,**
**सभाका सचिवज्यु,**
**उपस्थित कर्मचारी तथा र पत्रकारज्युहरु,**

- आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि प्रस्तुत आय-व्यय प्रस्ताव गाउँपालिकाको एक्लो प्रयासबाट मात्र सम्भव हुने छैन । बजेट कार्यान्वयनम संघ तथा प्रदेश सरकार, गाउँपालिकावासी, आमाबुवा, दिदीबहिनी, दाजुभाई व्यवसायिक संघ संस्था, राजनितिक दल, नागरिक समाज, संचार जगत लगायत सबै तह र तप्काबाट साथ, सहयोग र सहकार्य र पुग्ने विश्वास लिएको छु ।

- अन्त्यमा बजेट तर्जुमा गर्ने क्रममा मार्ग निर्देश तथा सहयोग गर्नुहुने गाउँपालिका अध्यक्षज्यू, सचिवज्यू, विषयगत समितिका संयोजक एंव सदस्यज्यूहरु, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, कर्मचारीज्युहरु, नागरिक समाज, पेशाबिद् बुद्धिजिवी, संचार जगत लगायत सम्पूर्ण गाउँपालिका वासीहरुमा धन्यवाद ज्ञापन गर्दै आभार प्रकट गर्दछु ।

धन्यावाद!

इति सम्वत् २०८० साल आषाढ १० गते रोज १ मा शुभम् ।

प्रस्तुतकर्ता
धनपतिदेवी यादव
गाउँपालिका उपाध्यक्ष